# त्रिभुवन विश्वविद्यालय

## कानून संकाय

## डीनको कार्यालय

एलएल.बी. प्रथम वर्ष शैक्षिक सत्र २०७६।०७७ मा नयाँ विद्यार्थी भर्नाका लागि

प्रवेश परीक्षा फाराम भर्ने सम्बन्धी सूचना ।

मिति: २०७८/०४/०८

त्रिभुवन विश्वविद्यालय, त्रि.वि. कानून संकाय डीनको कार्यालयबाट शैक्षिक सत्र २०७६।०७७ का लागि संचालन हुने तिन बर्षे स्नातक तह एलएल.बी. प्रथम बर्षमा यस संकाय अन्तर्गत स्नातक तहको एलएल.बी. कार्यक्रम (वार्षिक परीक्षा प्रणालीमा) सञ्चालनमा रहेका त्रि.वि.को आगिंक तथा सम्वन्धन प्राप्त क्याम्पस तथा कलेजहरू **नेपाल ल क्याम्पस-काठमाण्डौं, पृथ्वी नारायण क्याम्पस-पोखरा, महेन्द्र बहुमुखी क्याम्पस-धरान, महेन्द्र बहुमुखी क्याम्पस-नेपालगञ्ज, महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस-राजबिराज, बुटवल बहुमुखी क्याम्पस-बुटवल र सम्बन्धनप्राप्त कलेज हरिखेतान बहुमुखी क्याम्पस-विरगञ्जका** सम्वन्धमा नेपाल ल क्याम्पसलागि ६०० सिट, अन्य आंगिक क्याम्पसहरूकालागि ३०० सिट, सम्वन्धन प्राप्त कलेज हरीखेतान बहुमुखी क्याम्पसकालागि २०० सिट संख्यामा नबढ्ने गरि नयाँ विद्यार्थी भर्नाकालागि प्रवेश परीक्षा लिइ परीक्षामा उत्तिर्ण परीक्षार्थीहरूबाट योग्यताक्रमका आधारमा भर्ना गर्नकालागि प्रवेश परीक्षा फारम भर्नु हुन सम्बन्धित सबैको जानकारीकोलागि यो सूचना प्रकाशित गरिएको छ ।

| | | |
|---|---|---|
| १. | आवेदन फाराम वितरण र दर्ता | २०७८ साल श्रावण ०८ गते शुक्रवारदेखि २०७८ साल भाद्र ०८ गते मंगलबार सम्म । |
| २. | फाराम उपलब्ध हुने तथा बुझाउने स्थान तथा समय | उपरोक्त उल्लेखित कलेजहरूमा सम्बन्धीत कलेजले तोकेको समयमा । |
| ३. | प्रवेश परीक्षा फारम तथा प्रवेश परीक्षा दस्तुर | रू.१२००।- (अक्षरूपी एक हजार दुई सय) मात्र । |
| ४. | प्रवेश परीक्षा फारम लिन तथा बुझाउनको लागि (तोकिएको) शुल्क जम्मा गर्नु पर्ने | उपरोक्त उल्लेखित रकम सम्वन्धीत कलेजले तोके बमोजीम । |
| ५. | प्रवेश परीक्षा | २०७८ साल भाद्र १९ गते शनिबार दिउँसो ११:०० देखि २:०० बजेसम्म । |
| ६. | प्रवेश परीक्षा केन्द्र | सम्वन्धीत कलेजहरूबाट तोकिने छ । |
| ७. | प्रवेश परीक्षामा आवेदन गर्न आवश्यक शैक्षिक योग्यता | **त्रि.वि.बाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तीर्ण भएकाहरूले मात्र आवेदन गर्न पाउनेछन्,** तर कानूनमा स्नातक (बी.एल., एलएल.बी. र बी.ए.एलएल.बी. वा सो सरह) उत्तीर्ण गरिसकेका विद्यार्थीहरूले आवेदन गर्न पाउने छैनन् । |
| ८. | प्रवेश परीक्षामा तपसील बमोजिमका विषयवस्तु मध्येबाट प्रश्न सोधिने छ ।<br>क) नेपालको संविधान<br>ख) कानूनका सिद्धान्तहरु - कानूनको परिचय, विधिशास्त्रको परिचय र सम्प्रदाय, कानूनको स्रोत, सम्पत्ति सम्वन्धी अवधारणा, न्याय सम्बन्धी व्यवस्था, हक र अधिकार, भोग र स्वामित्व तथा व्यक्ति र व्यक्तित्व । | |

| | |
|---|---|
| ९. | प्रश्नको प्रकृति :<br>**समहु क (संविधान)**<br>कुनै पाँच प्रश्नको उत्तर दिनु पर्ने<br>• प्रति प्रश्न १० अंक भारका ६ वटा प्रश्न सोधीने छ यसको पूर्णाङ्क ५० हुनेछ ।<br><br>**समुह ख (विधिशास्त्र)**<br>कुनै पाँच प्रश्नको उत्तर दिनु पर्ने<br>• प्रति प्रश्न १० अंक भारका ६ वटा प्रश्न सोधीने छ यसको पूर्णाङ्क ५० हुनेछ ।<br>नोट : समुह (क) र (ख) बाट ५/५ वटा गरी जम्मा १० वटा प्रश्नमात्र हल गर्नुपर्नेछ । |

१०. आवेदन फाराम बुझाउँदा निम्न लिखित कागजातहरू अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

क) स्नातक तह वा सो सरह उत्तीर्ण भएको लब्धांक-पत्र, चारित्रिक प्रमाण-पत्र, एक/एक प्रति

ख) हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुईप्रति ।

ग) विदेशी विश्वविद्यालय/शिक्षण संस्थाहरुबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेकाहरुले त्रि.वि.को समकक्षता प्रमाण-पत्र एवं सम्वन्धित विश्वविद्यालय/ शिक्षण संस्थाको सक्कल माइग्रेशन प्रमाण-पत्र दुवै अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

घ) त्रि.वि. अन्तर्गतका आगिंक क्याम्पसमा आरक्षण सम्बन्धी सिटमा भर्ना गर्ने सम्बन्धी विनियम, २०७४ वमोजिम आरक्षण दावी गर्ने विपन्न वर्गका परीक्षार्थीहरूले निम्न बमोजिमका कागजातहरू पेश गर्नुपर्नेछ । सो बमोजिमका कागजात आवेदन फारामका साथ पेश नगर्ने परीक्षार्थीको आरक्षणमा दावी लाग्ने छैन ।

अ) आरक्षण दावी गर्ने सवै समुहका विपन्न वर्गका उम्मेदवारले कक्षा ८,९, एस.एल.सी/एस.ई.ई र कक्षा ११ र १२ सरकारी/सामुदायिक विद्यालयमा अध्ययन गरेको भन्ने सम्वन्धित निकायको सिफारिस साथै सम्वन्धित गाउँपालिका वा नगरपालिकाको नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप वार्षिक आयश्रोत रू. ४०,०००/- (अक्षरूपी चालीस हजार) भन्दा कम भई गरिविको रेखा मुनि परेको भनि प्रमाण सहित आधार कारण खुलाईएको सिफारिस पत्र ।

आ) स्नातक तहको हकमा स्नातक तह त्रि.वि. को आंगिक क्याम्पसबाट वा अन्य सरकारी/सामुदायिक क्याम्पसबाट उत्तीर्ण गरेको हुनु पर्नेछ ।

इ) आरक्षण दावी गर्ने निम्न वर्गका उम्मेदवारले थप देहाय बमोजिमका कागजात अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

- **अपांगता भएका उम्मेदवार**ले राष्ट्रिय अपांग महासंघ वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्रका साथै नेपाल सरकारले तोकेको निकायले जारी गरेको सक्कल परिचयपत्र ।
- **आदिवासी/जनजाति उम्मेदवार**ले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिशपत्र ।
- **दलित उम्मेदवार**ले राष्ट्रिय दलित आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्र ।
- **पिछडिएको दुर्गम क्षेत्रका उम्मेदवार**ले सम्वन्धित गाउँपालिका तथा नगरपालिकाको स्थायी वसोबास भएको नागरिक भनी प्रमाणित गरेको सिफारिसपत्र का साथै जुन जिल्लाको नागरिकता लिएको विद्यार्थी हो सोही जिल्लाको सरकारी स्कूलबाट कक्षा ८,९, एस.एल.सी./एस.ई.ई, कक्षा ११ र १२ पास गरेको सम्वन्धित सरकारी निकायको सिफारिस पत्र र नेपाली नागरिकताको प्रमाण पत्र ।

डीन
कानून संकाय

- **मधेसी समुदायका उम्मेदवारले** सम्वन्धित जिल्ला प्रशासन कार्यालय वा स्थानिय निकायको सिफारिस पत्रका साथै पिछडिएको समुदायका मधेशीको हकमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रका अतिरिक्त पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्य सन्चालन) कार्यविधि, २०७१ अनुसार गठित पिछडिएको समुदाय जिल्ला समन्वय समितिको सिफारिस पत्र ।
- **मुस्लिम समुदायका उम्मेदवारले** सम्वन्धित नेपाल सरकारको निकायको सिफारिस पत्र ।
- **अन्य अन्तर्गत विपन्न खस आर्यमा दावी गर्ने उम्मेदवारले** सम्वन्धित सरकारी निकायको कार्यालयको खस आर्य समुदायमा पर्ने व्यहोराको सिफारिस पत्र ।
- **अन्य अन्तर्गतका लैंगिक तथा यौनिक अल्पसंख्यक उम्मेदवारले** आफू सो वर्गमा पर्ने कुराको सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्र ।

**ङ)** आरक्षण दावी गर्ने उम्मेदवारले भर्ना हुनका लागि प्रवेश परीक्षामा कम्तिमा ४० प्रतिशत अंक प्राप्त गरेको हुनुपर्नेछ ।

**च)** आरक्षण प्राप्त गर्ने विद्यार्थीले त्रिभुवन विश्वविद्यालयको अन्य आगिंक क्याम्पसको एकै समयमा कुनै तह र विषयमा आरक्षणमा भर्ना गरेको हुनु हुदैन । साथै कुनै विद्यार्थीले अन्य विषयमा स्नातक तहमा आरक्षण प्राप्त गरी सो तह अध्ययन गरेको भए आरक्षण सुविधा प्राप्त गर्ने छैन ।

**छ)** आरक्षण सुविधा प्राप्त गर्ने विद्यार्थीले झुट्टो विवरण पेस गरी आरक्षण सुविधा लिइ भर्ना भएको प्रमाणित भएमा भर्ना रद्द गरी कानून बमोजिम कारवाही हुनेछ ।

**(ज)** आरक्षणमा भर्ना हुने विद्यार्थीले खुला तर्फका विद्यार्थीले भर्ना हुन लाग्ने सरहको सबै शुल्क तिर्नु बुझाउनु पर्नेछ । तर अपांगताको हकमा यो व्यवस्था लागू हुने छैन ।

**११. आरक्षण सम्वन्धमा :** त्रि.वि. अन्तर्गतका आंगिक क्याम्पसमा आरक्षण सिटमा भर्ना गर्ने सम्बन्धी विनियम, २०७४ बमोजिम त्रिभुवन विश्वविद्यालयले निर्धारित गरेको संख्यामा विद्यार्थीहरु भर्ना गर्दा प्रत्येक शैक्षिक कार्यक्रम अन्तर्गतका विषयमा जम्मा सिट संख्याको २० प्रतिशत निम्नलिखित वर्गहरूका लागि छुट्याईएका निम्नलिखित सिट संख्यामा सम्वन्धित वर्गका परीक्षार्थीहरु बीचको प्रतिस्पर्धाको आधारमा योग्यताक्रम अनुसार भर्ना लिनु पर्ने व्यवस्था अनुसार निम्न बमोजिमको आरक्षित कोटा २० प्रतिशतलाई शत् प्रतिशत मानि निम्न बमोजिम कोटा निर्धारण गरिएको छ ।

तर वर्गीकृत् समूहमा भर्नाका लागि न्यूनतम ४०अङ्क अंक प्राप्त गरेका योग्य उम्मेदवार नभएमा योग्यताक्रममा रहेका (खुला तर्फका) अन्य विद्यार्थी भर्ना लिनु पर्नेछ ।

| विपन्न समुदाय | आरक्षीत सिट संख्या | | |
|---|---|---|---|
| | ६०० सिटका लागि | ३०० सिटका लागि | २०० सिटका लागि |
| क) महिला | २४ (चौविस) | १२ (बाह्र) | ८ (आठ) |
| ख) आदिवासी/जनजाति | १९ (उन्नाइस) | १० (दश) | ६ (छ) |
| ग) मधेशी | १७ (सत्र) | ८ (आठ) | ६ (छ) |
| घ) दलित | ११ (एघार) | ५ (पाँच) | ४ (चार) |
| ङ) अपाङ्गता भएका व्यक्ति | १० (दश) | ५ (पाँच) | ४ (चार) |
| च) पिछडिएको दुर्गम क्षेत्र | ८ (आठ) | ४ (चार) | ३ (तीन) |
| छ) मुस्लिम | ८ (सोह्र) | ४ (चार) | ३ (तीन) |

डीन

| | | | |
|---|---|---|---|
| ज) थारू | १२ (बाह्र) | ६ (छ) | ४ (तीन) |
| झ) अन्य (लैंगिकक तथा यौनिक अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्य) | १० (दश) | ५ (पाँच) | ३ (तीन) |
| **जम्मा** | **१२० (एक सय बीस)** | **५९ (उनन्साठी)** | **४१ (एक चालीस)** |
| त्रि.वि. मा कार्यरत स्थायी शिक्षक तथा कर्मचारीको छोरा/छोरी | २ (दुई) | २ (दुई | २ (दुई) |

**स्पष्टीकरण १**

- "**अन्य**" भन्नाले लैंगिक तथा यौनिक अल्पसंख्यक तथा आर्थिक रुपले विपन्न खस आर्यलाई जनाउँछ ।
- **"विपन्न खस आर्य"**भन्नाले वार्षिक आयश्रोत रू. ४०,०००/- (अक्षरुपी रु चालीस हजार) भन्दा कम भई गरिवीको रेखा मुनि रेहको खस आर्यलाई जनाउँछ ।
- **"खस आर्य"** भन्नाले ब्राम्हण, क्षेत्री, ठकुरी, सन्यासी (दसनामी) समुदायलाई जनाउँछ ।
- **"पिछडिएको दुर्गम क्षेत्र"** भन्नाले मुगु, हुम्ला, जुम्ला, कालीकोट, डोल्पा, अछाम, बझाङ्ग, बाजुरा र जाजरकोट जिल्लालाई जनाउँछ ।

**स्पष्टीकरण २: विपन्न वर्गका विद्यार्थीले आरक्षणमा भर्ना पाउने प्राथमिकता क्रम**

- आदिवासी/जनजाति विद्यार्थीका हकमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा गरिएको वर्गीकरण अनुरुप प्राथमिकताको क्रमको आधारमा ।
- मधेशीको हकमा पिछडिएको समुदाय जिल्ला समन्वय समिति (गठन तथा कार्य सञ्चालन) कार्यविधि, २०७१ को अनुसूचीको वर्गीकरणमा परेका विद्यार्थीहरुलाई अन्य मधेसीभन्दा पहिलो प्राथमिकताका आधारमा ।
- अपांगता भएका विद्यार्थीमध्ये छनौट गर्नु पर्दा निलो, पहेलो र सेतो परिचय पत्र अनुसार प्राथमिकताका आधारमा ।
- "अन्य"को हकमा लैगिंक तथा यौनिक अल्पसंख्यक र आर्थिक रूपले विपन्न खस आर्यमध्ये उत्कृष्ट अंक ल्याउनेलाई योग्यताक्रमका आधारमा ।

२२. प्रवेश परीक्षाको समयावधि ३ घण्टाको हुनेछ ।

२३. परीक्षार्थीहरुले उत्तर पुस्तिकामा <u>कालो मसी (Black-Ink) मात्र</u> प्रयोग गर्नु पर्नेछ । कालो मसी बाहेक अन्य मसी वा सिसा कलम प्रयोग गरेको वा कुनै संकेत भएको उत्तरपुस्तिका परीक्षण गरिने छैन ।

२४. म्याद नाघी आएका तथा रीत नपुगेका आवेदन फाराम माथि कुनै कारवाही गरिने छैन ।

२५. प्रवेश परीक्षा तथा भर्ना सम्वन्धी अन्य विस्तृत जानकारी सम्वन्धीत क्याम्पसबाट प्राप्त गर्न सकिनेछ ।

२६. प्रवेश परीक्षाको नतिजा परीक्षार्थीहरूले प्रवेश परीक्षामा हाँसिल गरेको अंकको योग्यताक्रम (Merit-List) को आधारमा कम्तीमा **४०%** र सोभन्दा माथि अंक प्राप्त गर्ने सम्पूर्ण परीक्षार्थीहरूको प्राप्तांक सहितको क्याम्पस/कलेज अनुसारको नामावली प्रकाशित गरिनेछ । उक्त नतीजा अनुसार विद्यार्थीहरूले तोकिएको कलेजमा मात्र भर्ना गर्न पाउने छन् ।

२७. प्रवेश परीक्षाको प्राप्तांक समान भएमा परीक्षार्थीहरुको पूर्व शैक्षिक तहमा (क्रमशः स्नातक, +२/प्रमाणपत्र, एस.ई.ई/एस.एल.सि.) प्राप्त प्राप्तांकका आधारमा योग्यताक्रम निर्धारण गरिनेछ ।

२८. शैक्षिक सत्र २०७७ असाढ मसान्त सम्म त्रि.वि.बाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तहको अन्तिम परीक्षामा उत्तीर्ण भएका विद्यार्थीहरुले मात्र आवेदन फाराम भर्न सक्नेछन ।

२९. परीक्षार्थीहरूले जुन क्याम्पसबाट प्रवेश परीक्षा फारम भर्नु भएको छ प्रवेश परीक्षामा उत्तिर्ण भए पश्चात सोही कलेज बाहेक अन्य कलेजमा स्थानान्तरण गर्न पाइने छैन ।

३०. प्रवेश परीक्षा सम्वन्धी कुनै पनि विषयमा कानून संकाय डीनको कार्यालयको निर्णय अन्तिम हुनेछ ।

३१. यो सूचना त्रि.वि. कानून संकाय डीनको कार्यालयको Website: www.fol.edu.np मा पनि हेर्न सकिनेछ ।

(प्रा.डा.विजयसिंह सिजापती)
डीन